# अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

मालिका गाउँपालिका द्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः२ संख्याः३७ मितिः२०७७/५/२२

**भाग-२**

**मालिका गाउँपालिका**

## मालिका गाउँपालिकाको समाजकल्याण परिषद सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,

## २०७७

**मालिका गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**अर्खावाङ्ग गुल्मी।**

# <u>मालिका गाउँपालिका समाज कल्याण परिषद सन्चालन कार्यविधि २०७७</u>

प्रस्तावना: मालिका गाउँपालिकाको समाज कल्याणका गतिविधिहरुलाइ चुस्त वनाइ महिला दलित वालबालिका अपाङ्ग गरिव विपन्न अशक्त असहाय आर्थिक सामाजिक रुपबाट पिछडिएका वर्ग सबैको हित प्रवर्द्धन गर्न वान्छनिय भएकोले

प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) एन २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँपालिलकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१ सम्क्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मालिका मालिका गाउँपालिका समाजकल्याण परिषद सन्चालन कार्यविधि २०७७ रहेको छ ।

(२) यो कार्यविधि कार्यापालिकाको निर्णय भएको मितिदेखि लागूहुनेछ ।

(२) परिभाषा: विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यपालिका भन्नाले मालिका गाउपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

ख) वडा समिति भन्नाले वडा कार्यालयमा रहेको वडा अध्यक्षको अध्यक्षतामा रहेको स्थानिय सरकार सन्चालन एन २०७४ बमोजिम गठन भएको वडा समिति सम्झनु पर्दछ ।

ग) वडा सचिव भन्नाले वडा सचिवको रुपमा गाउपालिकाले खटाएको कर्मचारी सम्झनुपर्दछ ।

घ) गाउपालिका भन्नाले मालिका गाउँपालिका सम्झनुपर्दछ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मालिका गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

च) वडा खर्च भन्नाले यस वडा तहमा वडा समितिको निर्णयबाट अनुमोदन हुने गरी गाउपालिकामा फर्छोट वा पेश्कीको रुपमा माग गर्ने वडा खर्च सम्झनु पर्दछ ।

छ) राजश्व भन्नाले गाउँपालिकाको आर्थिक कार्यविधि २०७६ तथा प्रचलित एन कानून बमोजिम वडा तह वा गाउँपालिकाबाट नागरिकलाइ सार्वजनिक सेवा प्रदान गरेवापत वा अन्य कुनै पनि कार्यमा उठाउन भनि तोकिएको कुनै पनि शुल्क जरिवाना भन्न बुझिनेछ ।

ज) संयोजक भन्नाले समाज कल्याण परिषदको संयोजक भनि गाउँपालिका अध्यक्षबाट तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

झ सदस्य भन्नाले समाज कल्याण परिषदको सदस्य भनि तोकीएको व्यक्ति सम्झनुपर्दछ ।

ञ) सदस्य सचिव भन्नाले समाज कल्याण परिषदको काम सन्चालन गर्नको लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट तोकीएको कर्मचारी सम्झनुपर्दछ ।

## परिच्छेद २

## समाजकल्याण परिषद  सन्चालन सम्बन्धि व्यवस्था

३ समाजकल्याण परिषद सन्चालनको उदेश्य मालिका गाँउपालिकामा सामाजिक हितको प्रवर्द्धन गर्दै समतामूलक समाज निर्माण गर्नु समाज कल्याण परिषदको मुख्य उदेश्य हुनेछ ।

क)समाजका आर्थिक सामाजिक तथा वर्गीय रुपबाट पिछडिएको र सुविधा वन्चित वर्गको हित सम्रक्षण गर्नु

ख) समाजमा व्याप्त सामाजिक सास्कृर्तिक पुरातन सोच अन्धविश्वास विकृर्ति विसगति र असमानताको अन्त्य गरि परिष्कृत समाजको प्रवर्द्धनको लागि आवश्यक कार्य गर्नु

ग) समाजका आर्थिक सामाजिक तथा विकास निर्माणका गतिविधिलाइ विधिसम्मत वनाउदै लोकतान्त्रिक शासकीय पद्धतिलाइ सस्थागत वनाउनमा टेवा पुर्याउनु

**३ समाज कल्याण परिषद सन्चालन प्रक्रिया** : परिषदमा एक जना सम्योजक , महिला,जनजाति,अपाङ्ग,दलित र जेष्ठ नागरिक सहित १३ जना सदस्य, र १ जना सदस्य सचिव सहित १५ जना रहने छन ।

क) गाउँपालिकाको अध्यक्षबाट मनोनित व्यक्तिलाइ मालिका गाउँपालिका समाज कल्याण परिषदको संयोजक रहने छ।

ख) गाउँपालिका भित्रका महिला,जनजाति,अपाङ्ग,दलित र जेष्ठ नागरिकबाट १ /१ जना र प्रत्येक ८ वटै वडाबाट वडा समितिले सिफारिस गरेका व्याक्ति सदस्य रहने छन ।

ग) समाज कल्याण परिषदको सम्योजक र सदस्यको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ ।

तर काम सन्तोषजनक नभएमा मनोनयन गर्ने पदाधिकारीले संयोजक वा सदस्यलाइ हटाउन सक्नेछ ।

४. समाज कल्याण परिषद गठन प्रक्रियाः

- संयोजकः गाउँपालिका अध्यक्षवाट मनिनित व्याक्ति एक जना ।
- सदस्यः आठ वटै वडाबाट वडा समितिले सिफारिस गरेका १/१ जनाका दरले ८ जना ।
- सदस्यः महिला,दलित,जनजाति,अपाङ्ग र जेष्ठ नागरिकबाट गाउँपालिका अध्यक्षद्वारा मोनोनित १/१ जनाको दरले ५ जना ।
- सदस्य सचिवः प्रमुख प्रशासकीय वा निजले तोकेको कर्मचारी १ जना ।

५ समाज कल्याण परिषदको काम कर्तव्य अधिकार तोकीए बमोजिम हुनेछ ।

क) गाउँपालिका भित्रका नागरिकको सामाजिक आर्थिक अवस्थाको पहिचान गरि सो को विष्लेषण गर्ने।

ख) सुविधा बन्चित वर्गको हित संरक्षणको लागि शसक्तिकरण र सवलिकरणका कार्यहरु सञ्चालन गर्ने ।

ग) समाजका विकास निर्माणका गतिविधिहरुको अवलोकन गरि सुधारको लागि सुझाव तथा राय गाउँपालिकामा प्रदान गर्ने ।

घ) मासिक प्रगति तथा कार्यसंपादन प्रतिवदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्ने ।

ङ) लक्षित समुह तथा समुदायको लागि मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने गराउने ।

च) वडा अध्यक्ष वा वडा सदस्यहरु ( जनप्रतिनिधीहरु) संग निकटतम रहि वडा भित्रका सामाजिक आर्थिक तथा विकास निर्माणका गतिविधिहरु सञ्चालनमा आवश्यकता अनुसार सहयोग गर्ने ।

६ समाज कल्याण परिषदको सेवा शर्त र सुविधाहरु

क) संयोजक लागि गाउँपालिका अध्यक्षबाट वार्षिक कार्य सम्पादन सम्झौता गरि दफा ३ को उदेश्यमा पूरा हुने गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ भने सदस्यको लागि समाज कल्याण परिषदका सम्योजकले कार्य सम्पादन सम्झौता गर्नेछ ।

ख) संयोजक र सदस्यको लागि गाउँ कार्यपालिकाले तोकेबमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ । तर उप दफा २ मा जुनसुकै कुरा लेखिएको भए पनि परिषदका पदाधिकारीलाइ तलव भत्ता उपलब्ध गराइनेछैन । तर वैठक भत्ता यातायात खर्च वा आवास खर्च वापतको मासिक रकम उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

ग) परिषद सम्बन्धि अन्य कुरा तोकीएबमोजिम हुनेछ ।

घ) परिषद सन्चालनको लागि आवश्यक आर्थिक स्रोत र साधन साथै अन्य आवश्यक सहयोग गाउँपालिकाबाट हुनेछ ।

ङ) गाउँपालिकाको कार्यालयमा वा अन्य उपयुक्त स्थानमा परिषदको कार्यालय रहनेछ ।